नेपाल सरकार
# राष्ट्रिय योजना आयोग
सिंहदरबार, काठमाडौं

पत्र संख्याः-
चलानी संख्याः-

## प्रेस विज्ञप्ती

सम्माननीय प्रधानमन्त्री एवम् राष्ट्रिय विकास समाधान समितिका अध्यक्ष श्री पुष्पकमल दाहाल "प्रचण्ड" ज्यूको अध्यक्षतामा यही चैत्र २३ गते सम्पन हुने राष्ट्रिय विकास समस्या समाधान समितिको ५० औ बैठकको तयारीका क्रममा राष्ट्रिय योजना आयोगले राष्ट्रिय विकास समस्या समाधान उपसमितिको बैठक आज बाट सुरु गरेको छ।

आयोगका माननीय उपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठज्यूको अध्यक्षतामा सो बैठक २०७९ चैत्र १० सम्म संचालन हुने छ। साथै, यही चैत्र १९ गते प्रदेशस्तरीय विकास समस्याहरुको विषयमा समेत छलफल हुने छ।

आज चैत्र ८ गतेको बैठकमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय, रक्षा मन्त्रालय, शहरी विकास मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसंग सम्बन्धित राष्ट्रिय विकास समस्या समाधान समितिको ४७,४८ र ४९ औ बैठकले लिएका निर्णयहरुको कार्यान्वयन प्रगतिको स्थिति र विकास आयोजनाहरुको प्रभावकारी कार्यान्वयनका लागि सम्माननिय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा बस्ने समितिको आगामि बैठकले लिनुपर्ने निर्णयहरुका सम्वन्धमा छलफल भएको थियो । साथै, मन्त्रालयहरुसंग सम्वन्धित राष्ट्रिय गौरव, रुपान्तरणकारी र पहिलो प्राथमिकता प्राप्त आयोजनाहरुको आ. व. २०७९।८० को दोस्रो त्रैमासिक/ अर्धवार्षिक सम्मको लक्ष्य सहितको भौतिक र वित्तिय प्रगति सम्वन्धमा बैठकमा छलफल भएको थियो । बैठकले राष्ट्रिय विकास समस्या समाधान समितिको ५० औ बैठकमा निर्णयका लागि प्रस्तुत गर्नुपर्ने समस्याहरु, त्यसको समाधानको उपयुक्त विकल्पवारेमा समेत छलफल गरेको थियो। अधिकांश मन्त्रालयको कार्यप्रगति प्रतिवेदनको प्रस्तुति सम्वन्धित मन्त्रालयका सचिवहरुबाट भएको थियो । अन्य मन्त्रालयहरुसंग सम्वन्धित विषयमा चैत्र ९ र १० गते छलफल हुनेछ ।

राष्ट्रिय विकास समस्या समाधान उपसमितिमा राष्ट्रिय योजना आयोगका अनुगमन तथा मूल्याङ्कन क्षेत्र हेर्ने सदस्य, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव, अर्थ सचिव, संघीय मामिला तथा सामान्य प्रशासन सचिव, महालेखा नियन्त्रक, राष्ट्रिय योजना आयोगका सचिव, सम्वन्धित मन्त्रालयका सचिवहरु, सम्वन्धित विभागीय प्रमुखहरु र राष्ट्रिय योजना आयोगका अनुसन्धान तथा मूल्याङ्कन महाशाखाका सहसचिव सदस्य रहने व्यवस्था छ ।

मितिः २०७९।१२।८

डा. राम कुमार फूयाल २०७९।१२।०८
सदस्य तथा प्रवक्ता

फोनः ०१-४२११०३२, ४२१११३२, ४२११००४, फ्याक्सः ०१-४२११७००, ईमेलः npc@npc.gov.np, वेबः www.npc.gov.np